## फौज्दारी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका

**१. फौजदारी मुद्दा भनेको के हो ?**

फौजदारी कानूनको उलंघनकर्तालाई सजायको माग गरी दायर गरिने मुद्दालाई फौजदारी मुद्दा भनिन्छ। कानूनले अपराध भनी घोषणा गरिएका मानवीय व्यवहार कसैले गरेमा अपराधको प्रकृतिअनुसार सजायको निर्धारण गरिएको हुन्छ। फौजदारी मुद्दामा कसूर कायम भएमा कसुरदारलाई कानूनअनुसार जरिवाना वा कैद वा दुबै सजाय हुन्छ ।

**२. सरकार वादी मुद्दा भनेको के हो ?**

सरकार वादी भई दायर गरिने मुद्दालाई सरकार वादी मुद्दा भनिन्छ। सरकारवादी मुद्दालाई फौजदारी र देवानी गरी विभाजन गरिन्छ । सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात गरी कसूरदार पत्ता लगाई निजलाई सजायको मागदावी लिई अदालतमा अभियोगपत्र दर्ता गर्ने, बहस पैरवी र प्रमाण प्रस्तुति गर्ने लगायतका सबै कार्यहरू सरकारको तर्फबाट गरिन्छ। यसैगरी सरकारलाई सरोकार पर्ने देवानी प्रकृतिका मुद्दाहरूमा तोकिएको निकायले सरकारको तर्फबाट अदालतमा फिरादपत्र दायर गर्दछ । यस्ता मुद्दाहरूमा खासगरी सरकारी जग्गा दपोटसम्बन्धी मुद्दा, तिरो दपोट जस्ता सार्वजनिक सम्पत्तिसँग सम्बन्धित मुद्दाहरू पर्दछन् ।

**३. दुनियाँवादी फौजदारी मुद्दा भनेको के हो ?**

कुटपिट, लुटपिट, यौनजन्य दुर्व्यव्हार, गाली बेइज्जती, जालसाजी जस्ता मुद्दाहरू दुनियावादी फौजदारी मुद्दा हुन्। दुनियावादी फौजदारी मुद्दाको फिरादपत्र अन्यायमा परेका व्यक्तिले आफैं वा कानून व्यवसायीको सहयोगले तोकिएको ढाँचामा तयार पारी आफैं वा वारेसमार्फत सम्बन्धित अदालतमा दर्ता गरी तारेखमा बस्नुपर्छ ।



**४. महिला विरुद्धको हिंसा भनेको के हो ?**

सार्वजनिक वा निजी जीवनमा महिलामाथि लिङ्गको आधारमा शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य तथा कुनै प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा स्वतन्त्रताको उपयोग गर्नबाट बञ्चित गर्ने कार्यलाई महिला विरूद्धको हिंसा भनिन्छ।

महिला भएको कारणले महिलामाथि हुने हिंसाको स्वरूपमा यौन दुर्व्यवहार, हत्या, यातना, कुटपिट, ज्यान मार्ने धम्की, बेइज्जती, जबरजस्ती करणी, बेचविखन, बोक्सीको आरोप, बाल विवाह, लिङ्ग पहिचान गरी भ्रुण हत्या, जवरजस्ती बन्ध्याकरण, एसिड छर्किने, दाइजो, मिडियाबाट गरिने यौनजन्य दुर्व्यवहार, करकाप, शारीरिक शोषण, जबरजस्ती गर्भधारण तथा गर्भपतन, यौनजन्य हिंसा, मनोवैज्ञानिक हिंसा आदि पर्दछन् ।

**५. महिलाले कस्तो अवस्थामा लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउँछन ?**

- लोग्नेले अरू स्वास्नी ल्याएमा वा राखेमा,
- स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा,
- स्वास्नीको खोजखबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा,
- स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
- लोग्ने नपुंसक हुन गएमा,
- लोग्नेलाई निको नहुने यौनसम्बन्धी कुनै रोग लागेमा,
- लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा,
- स्वास्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा,
- लोग्ने स्वास्नी दुवैको मन्जुरी भएमा ।

**६. सम्बन्ध विच्छेद गर्न कहिले र कहाँ नालिस दिनुपर्छ ?**

- सम्बन्ध विच्छेद गर्न चाहने महिलाले सम्बन्ध विच्छेद गर्नु पर्ने कारण खुलाई जहिलेसुकै सम्बन्धित जिल्ला अदालतमा नालिस दिन सक्ने,

❖ लोग्ने स्वास्नी दुवैको मन्जुरीले सम्बन्ध विच्छेद गर्न चाहेमा भने सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनुपर्छ ।

**७. सम्बन्ध विच्छेद भएमा नाबालक छोराछोरीको पालन पोषणको सम्बन्धमा महिलाको के कस्तो दायित्व हुन्छ ?**

❖ नाबालकलाई आमाले आफैं पाल्न चाहेमा निजले प्राथमिकता पाउने,

❖ आमाबाबु दुवैको मन्जुरी भएमा त्यस्तो नाबालकलाई आमा बाबुमध्ये कुनैले वा आलोपालो गरी पाल्नु पर्ने,

❖ आमाले पाल्दा बाबुले इज्जत आमदअनुसार नाबालकलाई खान लाउन, शिक्षा औषधी उपचारसमेतको मनासिब खर्च दिनुपर्ने,

❖ आमाले नपाली बाबुले पालेको रहेछ र बाबुको भन्दा आमाको आयस्ता बढी रहेछ भने अड्डाले तोकिदिएबमोजिम त्यस्तो महिलाले पनि नाबालकको खान, लाउन, शिक्षा र औषधि उपचारको खर्च व्यहोर्नुपर्ने,

❖ सम्बन्ध विच्छेद भएको २७२ दिनभित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्नेका सन्तान ठहर्ने ।

**८. कस्तो अवस्थामा महिलाले विवाह बदर गराउन पाउँछन् ?**

❖ बीस वर्ष उमेर नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन् भने बीस वर्ष पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउने,

❖ कसैले देहायको अवस्थाको पुरूषलाई झुक्याई महिलाको विवाह गरे गराएमा विवाह बदर हुन्छ,

- शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी.) वा हेपाटाइटिस बी रहेको वा त्यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,
- पुरूषत्वहीन भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भइ सकेको,
- पूर्णरूपमा बोल्न वा सुन्न वा देख्न नसक्ने,
- होस ठेगानमा नरहेको,



- विवाह भैसकेको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजाय पाएको,
- विवाहित, विधुर वा सम्बन्ध विच्छेद भइसकेको लोग्नेमानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा परी विवाह गर्ने स्वास्नीमानिसले मन्जुरी नगरे त्यस्तो विवाह बदर हुने,
- स्वास्नी मानिसको मन्जुरीविना जबरजस्ती विवाह गरे गरिदिए त्यस्तो विवाह बदर हुने,

**९. विवाह बदर गराउन कसले, कहाँ र कहिले उजुरी दिनुपर्छ ?**

विवाह बदर गराउन चाहने पीडितले मन्जुरीविना जबरजस्ती विवाह गरिदिएकोमा सो काम भए गरेको मितिले दुई वर्ष र अरू अवस्थामा थाहा पाएको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा नालिस दिनु पर्छ ।

**१०. कस्तो अवस्थामा बहुविवाह गरेको मानिन्छ ?**

लोग्ने र स्वास्नी बीच अंशवण्डा भई भिन्न बसेमा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की महिलासँग विवाह गरेमा वा अर्को पत्नी राखेमा बहुविवाह गरेको मानिन्छ ।

**११. बहुविवाह गर्नेलाई के कस्तो सजाय हुन्छ ?**

बहुविवाह गर्नेलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुन्छ। महिलाले जानी जानी बहुविवाह गरेको ठहरे निजलाई पनि सोहीबमोजिम सजाय हुन्छ ।

**१२. बहुविवाहसम्बन्धी कसुरमा कसले, कहाँ र कहिले उजुरी दिनुपर्छ ?**

बहुविवाहसम्बन्धी कसुरमा पीडितले वा अन्य जो कोहीले थाहा पाएको मितिले ३ महिनाभित्र सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ ।

**१३. के कस्तो अवस्थामा जबरजस्ती करणी गरेको मानिन्छ ?**

- ❖ कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा,
- ❖ सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा,
- ❖ होस ठेगान नभएको अवस्थामा मन्जुकरी लिई करणी गरेमा,
- ❖ गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्गबाहेक अन्य कुनै बस्तु योनिमा प्रवेश गराएमा,
- ❖ कसैले कुनै नाबालकसँग कुनै किसिमको बाल यौनदुराचार (पेडो फायल) गरेमा ।

**१४. कस्तो कार्य गरेमा वैवाहिक बलात्कार गरेको मानिन्छ ?**

- ❖ पतिले पत्नीको सहमतिबेगर करणी गरेमा वैवाहिक बलात्कार गरेको मानिन्छ । यसलाई जबर्जस्ती करणी मानिन्छ ।

**१५. वैवाहिक बलात्कार गरेको अवस्थामा कस्तो सजाय हुने व्यवस्था छ ?**

- ❖ पत्नीको इच्छाबेगर पतिले जबर्जस्ती करणी गरेमा ३ वर्षदेखि ५ वर्षसम्म कैद हुने कानूनी व्यवस्था छ ।

**१६. जबरजस्ती करणीसम्बन्धी कसुर गरेमा के कति सजाय हुन्छ ?**

- ❖ पीडितको उमेर अवस्था हेरेर ५ वर्षदेखि १५ वर्षसम्म कैद हुन्छ ।
- ❖ सामुहिक रूपमा जबर्जस्ती करणी गरेमा वा गर्भवती, अशक्त वा अपांग महिलालाई जबर्जस्ती करणी गरेमा थप ५ वर्ष कैद हुन्छ ।
- ❖ आफुलाई मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आइ.भी. पोजेटिभ) को रोग लागेको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी गरेमा थप १ वर्ष कैद हुन्छ ।



- ❖ जबर्जस्ती करणी गर्नेलाई जानीजानी सहयोग गर्नेलाई ३ वर्षसम्म कैद हुन्छ । १६ वर्ष नपुगेको बालिकाको सम्बन्धमा भने सहयोगीलाई दोब्बर सजाय हुन्छ ।
- ❖ जबरजस्ती करणीको उद्योग (प्रयास) गर्नेलाई जवरजस्ती करणी गर्दा हुने सजायको आधा सजाय हुन्छ ।

**१७. जबरजस्ती करणीमा प्रतिरक्षासम्बन्धी कस्तो व्यवस्था छ ?**

जबरजस्ती करणी गर्न नपाउँदै वा उसै बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी गरिसकेपछि सोही कुराको रिस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा लपेट्दै गई हातहतियार लाठो ढुङ्गा इत्यादि कही चलाई ज्यान मारेमा कुनै सजाय हुँदैन ।

**१८. जबरजस्ती करणीबाट पीडित महिलाले के कस्तो क्षतिपूर्ति तथा सुविधा पाउँछन ?**

- ❖ जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती पीडित महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्छ ।
- ❖ कसुरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउँने देखिएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम भराई दिने गरी अदालतले आदेश दिन सक्नेछ ।
- ❖ लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेको विषय (मुद्दा) मा आवश्यक देखेमा अदालतले निम्नबमोजिमको संरक्षणात्मक आदेश जारी गर्नसक्छ।
  - स्वास्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,
  - स्वास्नीलाई आवश्यक उपचार गराउन वा उपचारको लागि उपयुक्त रकम दिन लगाउन,

- दुवै जना एकै ठाउँमा बस्न दिन उचित नदेखिई अलग बसेको अवस्थामा स्वास्नीको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,
- स्वास्नीलाई दुःख दिने वा सताउने वा निजको अहित हुने कुनै काम नगर्न नगराउन।

**१९. जबरजस्ती करणीसम्बन्धी कसुरमा कसले, कहिले र कहाँ उजुरी दिनुपर्छ ?**

जबरजस्ती करणीसम्बन्धी कसुरमा सो भए गरेको मितिले ६ महिनाभित्र पीडित वा जो कोहीले सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

**२०. जबरजस्ती करणीको मुद्दा कस्तो इजलासमा सुनुवाई हुन्छ ?**

जबरजस्ती करणीको मुद्दा बन्द इजलासमा सुनुवाई हुन्छ। त्यस्तो इजलासमा पीडित, सम्बन्धित कानून व्यवसायी र अदालतका कर्मचारी उपस्थित हुन सक्छन्।

**२१. कस्तो कार्य गरेमा यौन दुर्व्यवहार गरेको मानिन्छ ?**

❖ महिलाको संवेदनशील अंग छोएमा वा छुने प्रयास गरेमा,
❖ निजको भित्री पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा,
❖ अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा,
❖ आफ्नो यौनसम्बन्धी अंग छुन, समाउन लगाएमा,
❖ अश्लिल वा अन्य यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र तस्विर देखाएमा,
❖ यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा,
❖ करणीका आसयले समातेमा,
❖ कुनै किसिमले अस्वभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा,

**२२. यौन दुर्व्यवहार गरेमा के कस्तो सजाय गरी क्षतिपूर्ति दिलाइन्छ ?**

❖ यौन दुर्व्यवहार गर्ने कसुरदारलाई १ (एक) वर्षसम्म कैद र रू १०,०००।– (दश हजार) रूपैयाँसम्म जरिवाना हुने,



❖ आफु वा अरूसँग गैरकानूनी करणी गर्न फकाउने वा वेश्यागमनको लागि सम्पर्क र व्यवस्था गरिदिने व्यक्तिलाई ३ (तीन) वर्षसम्म कैद र रू ३०,०००।- (तीस हजार) रूपैयाँसम्म जरिवाना हुने,
❖ पीडितले कसुरदारबाट मनासिब माफिकको क्षतिपूर्ति पाउने,

**२३. यौन दुर्व्यवहारमा कसले, कहाँ उजुरी दिनुपर्छ ?**

यौन दुर्व्यवहारको कार्य प्रकाश भएको मितिले ३५ (पैतीस) दिनभित्र पीडितले सम्बन्धित जिल्ला अदालतमा उजुर गर्नुपर्छ।

**२४. कस्तो अवस्थामा गर्भपतन गराउन हुन्छ ?**

❖ नेपाल सरकारले तोकेबमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराउन सक्ने,
❖ गर्भ बोक्ने महिलाको मन्जुरीले बाह्र हप्तासम्मको गर्भ पतन गराउन हुने,
❖ गर्भ बोकेको महिलाको मन्जुरीले जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ पतन गराउन हुने,
❖ गर्भपतन नगराएमा गर्भ बोक्ने महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खतरा हुन सक्दछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मन्जुरीले गर्भपतन गराउन हुने,
❖ माथि उल्लेख गरिएका अवस्थामा बाहेक अरू अवस्थामा करकाप, धम्की, ललाइ फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन।

**२५. कानूनले निषेध गरेको गर्भपतन गराउनेलाई के कस्तो सजाय हुन्छ ?**

गर्भवती महिलालाई करकाप, धम्की, ललाइफकाई वा प्रलोभनमा पारी गर्भपतन गराएमा देहायको सजाय हुन्छः

❖ बाह्र हप्ताईसम्मको गर्भ तुहाएमा एक वर्ष कैद,
❖ पच्चिस हप्तासम्मको गर्भ तुहाएमा तीन वर्ष कैद,

- ❖ पच्चिस हप्ताभन्दा बढीको गर्भ तुहाएमा पाँच वर्ष कैद,
- ❖ गर्भपतन गराउने उद्देश्यले लिङ्ग पहिचान गर्ने गराउनेलाई ३ महिनादेखि ६ महिनासम्म कैद,
- ❖ लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई ६ महिनादेखि २ वर्षसम्म कैद हुन्छ ।

**२६. गर्भपतनसम्बन्धी कसुरमा कसले कहाँ र कहिले उजुरी दिनुपर्छ ?**

गर्भपतनसम्बन्धी कसुरदार आफैं मुख साबित भएकोमा हदम्याद लाग्दैन। सो बाहेक गर्भ तुहायो भन्ने कुरामा सो भए गरेको मितिले ३ (तीन) महिनाभित्र सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ।

**२७. कस्तो कार्यलाई घरेलु हिंसा जनाउँछ ?**

कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसा भनिन्छ। अर्थात कुनै घरेलु सम्बन्ध भएको व्यक्तिले शारीरिक चोट पुऱ्याउने, गाली, गलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, यौनजन्य दुर्व्यवहार गर्ने, दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कारणबाट हेला गर्ने आदि कार्यलाई महिला विरूद्धको घरेलु हिंसा मानिन्छ।

**२८. घरेलु हिंसाको उजुरी कसले, कहाँ र कहिले दिनु पर्दछ ?**

- ❖ घरेलु हिंसा सम्बन्धमा जुनसुकै व्यक्तिले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकायसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछन्।
- ❖ पीडित व्यक्ति आफैले चाहेमा अदालतमा सोझै उजुरी दिन सक्नेछ।
- ❖ कसुर भए गरेका मितिले ९० दिनभित्र उजुरी दिनु पर्दछ।
- ❖ यस्तो मुद्दामा नेपाल सरकार बादी हुन्छ। मुद्दाको अनुसन्धान र तहकिकात नेपाल सरकारले गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्दछ।



**२९. घरेलु हिंसाबाट पीडित व्यक्तिले पाउने क्षतिपूर्ति तथा अन्य सुविधा सम्बन्धमा के कस्ता व्यवस्था रहेका छन् ?**

- ❖ अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई दिन सक्ने,
- ❖ पीडितलाई अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकबाट पीडितले भराई लिन पाउने,
- ❖ कुनै कारणबस पीडकबाट क्षतिपूर्ति भराई लिन नसक्ने अवस्था देखी अदालतले आदेश दिएमा महिला तथा बालबालिका कार्यालय वा सेवा केन्द्रबाट अदालतको आदेश अनुसारको क्षतिपूर्ति पाउने।
- ❖ अदालतले आवश्यक देखेमा निम्नबमोजिमको अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्छः
  - पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट व्यवहार गर्न,
  - पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारको लागि उपयुक्त रकम दिन ,
  - आवश्यक परेमा पीडितलाई अलग बस्ने व्यवस्था गर्न र पीडितको भरणपोषणको आवश्यक व्यवस्था गर्न,
  - पीडित र निजसँग आश्रित व्यक्तिलाई तत्काल सुरक्षाको व्यवस्था मिलाउन,
- ❖ पीडितलाई तत्काल सुरक्षा दिन तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्न सेवा केन्को स्थापना गर्न सक्ने,
- ❖ पीडितले चाहेमा अन्य कानून व्यवसायीलाई पनि राख्न सक्ने,
- ❖ पीडितले अनुरोध गरेमा मुद्दाको कारवाही र सुनुवाई बन्द इजलासमा गर्नुपर्ने,
- ❖ पीडित व्यक्तिले अनुरोध गरेमा जिल्ला कानूनी सहायता समितिमार्फत निःशुल्क कानूनी सहायता पाउने।

**३०. घरेलु हिंसाको कसुरदारलाई के कति दण्ड सजाय हुन्छ ?**

- ❖ कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैयाँदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने।

- ❖ सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले कसुर गरेमा थप दश प्रतिशत सजाय हुने।

**३१. कस्तो अवस्थामा मानव बेचबिखन भएको मानिन्छ ?**

- ❖ कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- ❖ प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
- ❖ वेश्यागमन गर्ने गराउने,

**३२. कस्तो कार्यलाई मानव ओसारपसार भएको मानिन्छ ?**

- ❖ किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कार्य,
- ❖ वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपन्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी वा शक्तिको दुरूपयोग गरी अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य,

**३३. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरको उजुरी कसले, कहाँ र कहिले दिनुपर्छ ?**

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरको बारेमा पीडित आफैले वा अन्य जुनसुकै व्यक्तिले जहिले सुकै पनि नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्छ। त्यस्तो कसुरमा सरकारले अनुसन्धान गरी मुद्दा दायर गर्दछ।

**३४. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसूरमा पीडितको के कस्ता अधिकार एवम् सुविधा हुन्छन् ?**

- ❖ पीडितले आफ्नो छुट्टै कानून व्यवसायी राख्न पाउने,



- ❖ पीडितले दोभाषे, साङ्केतिक भाषाविज्ञ वा अनुवादक निःशुल्क राख्न सक्ने,
- ❖ मुद्दाको कारवाही गर्दा बन्द इजलासमा गर्नुपर्ने,
- ❖ पीडितको नाम प्रचार प्रसार गर्न नहुने,
- ❖ पीडित वा उजुरकर्ताले सुरक्षाको माग गरेमा अदालतमा जाँदा आउँदा वा कुनै निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने,
- ❖ उजुरीकर्ताले चाहेमा नाम गोप्य राख्नुपर्ने,
- ❖ कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकम बराबरको रकममा नघट्ने गरी क्षतिपूर्ति भराई दिनुपर्ने,
- ❖ नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध हुने।

**३५. मानव बेचबिखन तथा ओसारपसार अपराधबाट आफू बच्न गरिएको प्रयासबाट कसैको ज्यान गएमा के हुन्छ ?**

आफुलाई किन्न वा बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई त्यहाँबाट भाग्न उम्कन लाग्दा कसैले बाधा विरोध गरेकोमा केही गर्दा निजको ज्यान गएमा वा कुनै चोट पटक लागेमा त्यस्तो पीडित व्यक्तिलाई कुनै प्रकारको सजाय हुँदैन।

**३६. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर गरेमा के कस्तो दण्ड सजाय हुन्छ ?**

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधमा कसुरको प्रकृति अनुसार बढीमा २० वर्षसम्म कैद र २ लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। साथै पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनु पर्दछ।

**३७. कस्तो कार्यलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार मानिन्छ ?**

कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, कुनै किसिमको दबाब, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई

कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछः

❖ यौनजन्य आशयले शरीरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा,
❖ अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द चित्र, पत्रपत्रिका, श्रब्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामाग्री प्रयोग वा प्रदर्शन गरेमा,
❖ लेखेर, बोलेर वा इसाराले अश्लिल तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,
❖ यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,
❖ यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा,

**३८. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार गरेमा कसले कहाँ र कहिले उजुरी दिनुपर्छ ?**

पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले यौनजन्य दुर्व्यवहार भए गरेको मितिले ९० दिनभित्र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष उजुरी दिनु पर्दछ।

**३९. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी कसूरमा के कति दण्ड सजाय हुन्छ ?**

कसुरको प्रकृति हेरी ६ महिनासम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ । पीडितलाई शारीरिक वा मानसिक रूपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षतिबापत मनासिब माफिकको क्षतिपूर्ति र उजुरी गर्दा वा उजुरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च क्षतिपूर्ति बापत पीडकबाट पीडितलाई क्षतिपूर्ति रकम भराइ दिनुपर्छ ।

**४०. कस्तो कार्य गरेमा बोक्सीको आरोपसम्बन्धी कसुर गरेको मानिन्छ ?**

❖ बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाउँबाट निकाला गर्ने, कुटपिट, अंगभंगलगायत क्रूर र अमानवीय वा अपमानजनक व्यवहार गर्ने, सम्पत्ति तोडफोड हानि नोक्सानी गर्ने,



❖ बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने ।

**४१. बोक्सीको आरोप लागेका पीडितले के कस्तो क्षतिपूर्ति तथा सुविधा पाउँछन् ?**

❖ पीडितलाई पुगेको क्षति तथा पीडकको आर्थिक हैसियतलाई समेत विचार गरी पीडितलाई मनासिब क्षतिपूर्ति भराइन्छ,
❖ पीडितको अस्पताल वा स्वास्थ्योपचार केन्द्रमा राखेर उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकबाट भराइन्छ,
❖ अदालतले आवश्यक देखेमा निम्नबमोजिमको अन्तरिम संरक्षणात्मक आदेश दिन सक्छः
  - पीडित बसी आएको घरमा बसोबास गर्न दिन,
  - खान लाउन दिन,
  - कुटपिट नगर्न,
  - शिष्ट व्यवहार गर्न,
  - पीडितलाई चोट पुगेको भए उपचार गराउन वा उपचारको लागि उचित रकम दिन,
  - पीडित बसेको ठाउँ वा बाटोघाटो वा कार्यालयमा गई दुःख नदिन वा नसताउन,
  - गाली बेइज्जती नगर्न,
  - पीडितको परिवारको सदस्यको सुरक्षा व्यवस्था मिलाउन,

❖ बोक्सीको आरोपसम्बन्धी कसुरमा पीडित वा जोसुकैले उजुर गर्न सक्ने।
❖ पीडितले अनुरोध गरेमा बन्द इजलासबाट मुद्दाको सुनुवाई हुने।

**४२. महिलासंग सम्बन्धित कस्तो चोटपटक अंगभंग मानिन्छ ?**

महिलाको स्तन काटिदिएमा, महिलालाई बाँझोपन हुने गरी चोट पुर्‍याएमा अंगभंग गरेको मानिन्छ।

**४३. अंगभंग हुने गरी कुटपिट गरेमा के कस्तो सजाय हुन्छ ?**

महिलाको स्तन काटेको वा बाँझोपन हुने गरी चोट पुऱ्याएकोमा ३ लाख जरिवाना र ८ वर्ष कैद हुन्छ।

**४४. तेजाब वा त्यस्तै अन्य पदार्थ छर्किई पीडा गराएमा वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारेमा के कस्तो सजाय हुन्छ ?**

- ❖ अनुहारमा कुरूप पारेमा ५ वर्षदेखि ८ वर्षसम्म कैद र १ लाख रूपैयाँदेखि ३ लाख रूपैयाँसम्म जरिवाना,
- ❖ शरीरको अन्य अंग कुरूप पारेमा वा जीउमा पीडा गराएमा ३ वर्षदेखि ८ वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख पचास हजार रूपैयाँसम्म जरिवाना,
- ❖ जरिवानाबापत प्राप्त पूरै रकम पीडितलाई घाखर्चबापत भराइ दिइने ।

**४५. अंगभंग भएको अवस्थामा कति क्षतिपूर्ति पाइन्छ ?**

पीडाको मात्रालाई विचार गरी अदालतले कसुरदारबाट पीडितलाई २ लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्छ।

**४६. महिला विरुद्ध हुने कस्तो व्यवहारलाई सार्वजनिक अपराध मानिन्छ ?**

सार्वजनिक स्थानमा महिलालाई हातपात गरी बेइज्जत गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने वा यस्तै अन्य कुनै किसिमको अस्वभाविक व्यवहार गर्ने कार्यलाई सार्वजनिक अपराध मानिन्छ।

**४७. सामाजिक सञ्जालमा महिलाका सम्बन्धमा कस्ता सामग्री प्रकाशन वा प्रदर्शन गरेमा अपराध मानिन्छ ?**

महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य किसिमका कार्य गर्ने जस्ता सामाग्री फेसबुक, ट्वीटर वा अन्य सामाजिक सञ्जालमा प्रकाशन वा प्रदर्शन गरेमा कसुर मानिन्छ।



**४८. सामाजिक सञ्जालमा त्यस्ता सामग्री प्रकाशन गर्नेलाई के कस्तो सजाय हुन्छ ?**

- ❖ यस्तो कसुर अपराध गर्ने व्यक्तिलाई १ लाख रूपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्दछ,
- ❖ कसुर अपराधको गाम्भिर्यता हेरी मनासिब माफिकको क्षतिपूर्ति भराइदिने व्यवस्था छ।

**४९. कस्तो कसूरमा पीडित महिलाको पहिचानमा गोपनीयता कायम गरिन्छ ?**

जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपोसारलगायतका विशेष प्रकृतिका मुद्दामा पीडित महिलाको पहिचान गोप्य रहन्छ। अनुसन्धानदेखि फैसला कार्यान्वयनको तहसम्म पनि गोपनीयता कायम राख्नुपर्दछ।

**५०. पीडितलाई क्षतिपूर्ति प्रदान गर्न के कस्तो व्यवस्था रहेको छ ?**

लैङ्गिक हिंसाबाट पीडित महिलाहरूको लागि लैङ्गिक हिंसा निवारण कोषको स्थापना महिला तथा बालबालिका मन्त्रालय अन्तर्गत गरिएको छ । लोक बहादुर सार्की वि. नेपाल सरकार भएको मानव वेचविखन तथा जवरर्जस्ती करणी मुद्दामा पीडितलाई प्रतिवादीको तर्फबाट क्षतिपूर्ति दिलाउने कार्य तत्काल गर्नको लागि नेपाल सरकारले एक क्षतिपूर्ति कोष स्थापना गर्नु भनी आदेश दिइएको छ। त्यस्तो कोष स्थापना नभएसम्मको लागि नेपाल सरकारले नै पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई प्रतिवादीबाट सरकारी बाँकीसरह असुलउपर गर्नुहोला भन्ने आदेश भएको पाइन्छ । सोका अलावा नेपाल सरकारले लैङ्गिक हिंसा निवारण कोष, बाल उद्धार कोष र मानव बेचबिखन ऐन अन्तर्गत पुनर्स्थापना कोषको व्यवस्था गरिएको छ । उक्त कोषहरूले व्यवस्था गरेको सुविधा महिला तथा बालबालिका कार्यालयमार्फत प्राप्त हुन्छ । पीडितको उद्धार, पुनर्स्थापना, उपचार लगायतका अन्य सान्दर्भिक विषयका खर्चहरू सो कोषबाट गरिनेछ ।

**५१. पीडितले क्षतिपूर्ति भराई लिन के गर्नुपर्छ ?**

पीडितले क्षतिपूर्ति पाउने गरी फैसला भएकोमा फैसलाको जानकारी प्राप्त भएपछि सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गरी निवेदन दिनुपर्छ। जिल्ला अदालतले कानूनी प्रक्रिया पूरा गरी क्षतिपूर्ति भराई दिने व्यवस्था छ।

## सम्पर्क ठेगाना:


**सर्वोच्च अदालत**

**न्यायमा पहुँच आयोग**

रामशाहपथ, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८

ईमेल : a2jc@supremecourt.gov.np

वेभसाइट : www.supremecourt.gov.np


# फौज्दारी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका




**सर्वोच्च अदालत**

**न्यायमा पहुँच आयोग**

रामशाहपथ, काठमाडौं

२०७४